छलफल तथा निर्णयहरु

१. सम्माननीय प्रधानमन्त्री तथा राष्ट्रिय योजना आयोगका अध्यक्ष के.पी. शर्मा ओलीज्यूको अध्यक्षतामा मिति २०७५।०८।२१ गते बस्ने आयोगको पूर्ण बैठकको हालसम्मको तयारीका सम्बन्धमा बैठकलाई जानकारी प्राप्त भयो। साथै, उक्त बैठकमा आयोगका तर्फबाट प्रस्तुतिकरणको जिम्मेवारी भएका माननीय सदस्यज्यूहरुले आगामी नियमित बैठकमा अन्तिम प्रस्तुतिकरण प्रस्तुत गर्ने।

२. सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा मिति २०७५।०८।२३ का लागि तय भएको अन्तर प्रदेश परिषद्को बैठकमा राष्ट्रिय योजना आयोगलाई प्राप्त तहगत समन्वयसम्बन्धी कायदिशको कार्यान्वयन गर्ने सम्बन्धमा देहायका विषयहरु त्यस परिषद्को बैठकको विषयसूचीमा समावेश गरिदिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुरोध गर्ने ।

(क) नेपालको संविधानको अधिरकार सूचीमा भएका अधिकारहरुको कार्यान्वियन गर्ने सन्दर्भमा राष्ट्रिय योजना आयोगले आगामी २५ वर्षको अवधिलाई समेटी 'नेपालको दीर्घकालीन सोच वि.सं. २१००' र आगामी पाँच वर्ष अवधिका लागि पन्ध्रौं योजना तर्जुमा कार्य गरिरहेको र प्रदेश सरकार तथा स्थानीय तहले पनि आ-आफ्ना प्रदेश र स्थानीय तहका लागि आवधिक योजना तर्जुमाको कार्य अघी बढाइरहेको सन्दर्भमा राष्ट्रिय योजनाको प्रारम्भिक आधारपत्र तर्जुमा भएपश्चात् मात्र प्रदेश तथा स्थानीय तहका आवधिक योजनालाई राष्ट्रिय योजनासँग तादम्यता कायम गर्ने गरी अन्तिम रुप दिन प्रदेश सरकार तथा स्थानीय तहलाई निर्देशन दिने ।

(ख) नेपाल सरकारको आ.व. २०७५/७६ को नीति तथा कार्यक्रमको बुँदा नं. २० मा उल्लेखित "अबको हाम्रो विकास सूचना र तथ्याङ्कको गहन विश्लेषण, अनुसन्धान र प्रमाणमा आधारित हुनेछ । त्यसका लागि देशको भूगोल, प्रकृति, स्रोतसाधन, क्षमता र सम्भावनाका सम्पूर्ण सूचनाहरूको राष्ट्रिय तथ्यगत विवरण तयार गरिनेछ" भन्ने नीतिको कार्यान्वयन गर्न आयोगले नेपाल सरकार र प्रदेश सरकार तथा स्थानीय तहका तथ्यांकको आदानप्रदान तथा उपयोग हुने राष्ट्रिय तथ्यगत विवरण प्रणाली विकासको कार्य अगाडि बढाएको सन्दर्भमा यस प्रणालीका लागि आवश्यक पर्ने सूचना तथा तथ्यांकको उपलब्धता एवम् प्रवाहमा प्रदेश सरकार तथा स्थानीय तहलाई सघाउन निर्देशन दिने ।

(ग) संयुक्त राष्ट्र संघको सदस्य राष्ट्रको रूपमा नेपाल सरकारले गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धता बमोजिम दिगो विकास लक्ष्य, २०३० को लक्ष्यहरू हासिल गर्न ती लक्ष्यहरुको वर्तमान अवस्था र भावी मार्गचित्रसम्बन्धी दस्तावेज राष्ट्रिय योजना आयोगबाट तयार भएको छ । उक्त मार्गचित्रमा उल्लेखित लक्ष्य तथा उद्देश्य हासिल गर्न आवश्यक पर्ने लागतको अनुमान, वित्तीय स्रोतको आँकलन र सो प्राप्त हुने आधारहरू सहितको वित्तीय रणनीति समेटिएको दस्तावेज तयार भैरहेको छ । यस सन्दर्भमा संघ, प्रदेश र स्थानीय तहका योजना तथा कार्यक्रमहरुमा यी लक्ष्यहरूलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र स्थानीयकरण गरी हासिल गर्न योगदान पुर्याउन आवश्यक निर्देशन दिने ।

३. उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालयबाट प्राप्त 'विदेशी लगानी सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७५', 'द्विपक्षीय लागनी सम्झौताको नूमना (Model Text) को मस्यौदा' र 'प्रस्तावित औद्योगिक व्यवसाय ऐन, २०७५' को मस्यौदा उपर आयोगको राय/सुझाव माग भई आएको विषयमा बैठकमा पेश भएको राय/सुझाव पठाउन स्वीकृति प्रदान गर्ने ।